नेपाली

Vol.25 | 2022.06

भिविन्न देशका बिदेसीहरुको लागि समाचार

# Ota City Navigation



# विपद्को लागि तयारी गरेर राख्नुहोस्

अब धेरै वर्षा हुने ऋतु आउँछ। साथै पछिल्लो समय धेरै भूकम्प आइरहेको छ। हामी केही भइहालेको अवस्थामा काम लाग्ने विपद् रोकथाम जानकारी प्रदान गर्दछौं। भूकम्प, ताइफुन आदिको बेला के गर्नु उपयुक्त हुन्छ भन्ने कुरा थाहा पाउन सकिन्छ।

## ओता सहर विपद् रोकथाम एप्लिकेसन

भूकम्प वर्षा र हुरी विपद्को बेला ओता सहर आदिले पठाउने जानकारी तुरुन्तै प्राप्त गर्न सकिन्छ। सुरक्षित ठाउँमा जाने सम्बन्धी जानकारी र आश्रय स्थल निश्चय गर्न सकिन्छ।




सेवा उपलब्ध भाषाहरू

जापानी, अंग्रेजी, हङ्गुर र चिनियाँ

## ओता सहर विपद् रोकथाम पोर्टल साइट

ओता सहर विपद् रोकथाम एप्लिकेसनमा उपलब्ध जानकारी विवरण वेबसाइटमा पनि निश्चय गर्न सकिन्छ।

सेवा उपलब्ध भाषाहरू

जापानी, अंग्रेजी, हङ्गुर र चिनियाँ

## हाम्रो घरको विपद् रोकथाम चेकबुक

यसमा घरमा गरेर राख्नुपर्ने विपद् रोकथामका उपायहरूको जानकारी लेखिएको छ। कत्तिको विपद् रोकथामका उपायहरू अपनाइएको छ भन्ने कुरा निश्चय गरी, सधैं गर्ने तयारीमा उपयोग गर्नुहोस्।




सेवा उपलब्ध भाषाहरू

जापानी, अंग्रेजी र चिनियाँ

वितरण स्थल

विपद् रोकथाम तथा सङ्कट व्यवस्थापन शाखा, सहर नीति जानकारी कर्नर, प्रत्येक विशेष उपशाखा कार्यालय

## सहरवासीलाई सुरक्षित तथा ढुक्क महसुस गराउने इमेल-सेवा

दर्ता गरेको व्यक्तिलाई इमेलद्वारा मौसम, भूकम्प र सुनामीको जानकारी पठाइनेछ।

सेवा उपलब्ध भाषाहरू

अंग्रेजी, चिनियाँ, हङ्गुर र तागालाग

अन्तर्राष्ट्रिय सहर, बहुसांस्कृतिक सहजीवन प्रवर्द्धन शाखा र अन्तर्राष्ट्रिय सहर ओता संघको होमपेजमा विदेशी नागरिकहरूको लागि काम लाग्ने विपद् रोकथामका जानकारी उपलब्ध छ। नछुटाईकन हेर्नुहोस्।

अन्तर्राष्ट्रिय सहर, बहुसांस्कृतिक सहजीवन प्रवर्द्धन शाखाको होमपेज

अन्तर्राष्ट्रिय सहर ओता संघको होमपेज

# बालबालिका भत्ताको पारिवारिक स्थिति रिपोर्ट र जुन महिनाको नियमित रकम ट्रान्सफर आदिको सूचना

## पारिवारिक स्थिति रिपोर्टबारे

बालबालिका भत्ता आदि निरन्तर प्राप्त गर्नको लागि हरेक वर्ष जुन महिनामा पारिवारिक स्थिति रिपोर्ट पेस गर्नु आवश्यक थियो तर प्रशासनिक रेकर्डहरू आदिमा निश्चय गर्न सकिने अवस्थामा पेस गर्नु नपर्ने भएको छ (पारिवारिक स्थिति रिपोर्ट पेस गर्नुपर्ने खण्डमा, सम्बन्धित व्यक्तिलाई हुलाक मार्फत जानकारी गराइनेछ)।

## जुनजुन महिनाको रकम ट्रान्सफर मिति

2022 साल फेब्रुअरी~मे को रकम जुन 9 तारिखमा ट्रान्सफर गरिनेछ।

बालबालिका भत्ता (सीमा रकम भन्दा कम आय भएको व्यक्ति)

| उमेर वर्गीकरण | भुक्तानी रकम (मासिक) |
|---|---|
| 3 वर्ष भन्दा कम उमेर (सबै बच्चाहरू) | 15,000 येन |
| 3 वर्ष वा सोभन्दा बढी~प्राथमिक विद्यालय स्नातक अगाडि (पहिलो र दोस्रो बच्चा) | 10,000 येन |
| 3 वर्ष वा सोभन्दा बढी~प्राथमिक विद्यालय स्नातक अगाडि (तेस्रो बच्चा वा सोभन्दा पछिका बच्चाहरू) | 15,000 येन |
| निम्न माध्यमिक विद्यालयको विद्यार्थी (15 वर्षको जन्म दिन पछिको पहिलो मार्च 31 तारिखसम्ममा भएका बालबालिकाहरू) (सबै बच्चाहरू) | 10,000 येन |

विशेष अवस्था भत्ता (सीमा रकम वा सोभन्दा बढी आय भएको व्यक्ति)

उमेरको आधारमा वर्गीकरण गरिनेछैन (सबै बच्चाहरू)...मासिक 5,000 येन

### सम्पर्क

बाल सेवा सहायता शाखा, बाल चिकित्सा कर्मचारी

☎ 03-5744-1275

FAX 03-5744-1525

E-mail

t-kod-ko@city.ota.tokyo.jp

# निवासी कर भुक्तानीबारे

चरण 1 को विशेष सहर निवासी कर तथा जिल्ला निवासी कर (निवासी कर) को भुक्तानी म्याद जुन 30 तारिख हो। म्यादसम्ममा भुक्तानी गर्नुहोस्। चरण 2 को भुक्तानी म्याद अगस्ट 31 तारिख हो। नबिर्सीकन भुक्तानी गर्नुहुन अनुरोध गर्दछौं। कर भुक्तानी सम्बन्धी परामर्शको लागि ओता सहरको होमपेजमा हेर्नुहोस्।

### सम्पर्क

कर भुक्तानी शाखा

☎ 03-5744-1205

# बच्चा जन्मेपछि बसोबास योग्यता प्राप्तिको आवेदन दिनुहोस्।



जापानमा बच्चाको जन्म भई निम्न सर्तहरूमा पर्ने खण्डमा, उक्त बच्चाको जन्म दिनदेखि 30 दिन भित्र टोक्यो अध्यागमन ब्यूरोमा बसोबास योग्यताको लागि आवेदन दिनुपर्छ।

- बच्चाको राष्ट्रियता जापानी नभएको खण्डमा
- जन्मेपछि 60 दिन वा सोभन्दा बढी जापानमा बसोबास गर्ने खण्डमा

**आवेदन दर्ता स्थान**

टोक्यो अध्यागमन ब्यूरो  टोक्यो महानगरपालिका मिनातो सहर कोनान 5-5-30

☎ 0570-034259

### सम्पर्क

पारिवारिक निवासी दर्ता शाखा

☎ 03-5744-1187

FAX 03-5744-1513

# आर्थिक वर्ष 2022 सालको कर प्रमाणपत्र जारीबारे

निवासी कर (विशेष सहर निवासी कर तथा जिल्ला निवासी कर) लाग्ने (छुट) तथा कर भुक्तानी प्रमाणपत्र जारी गर्न सकिन्छ।

2022 साल जनवरी 1 तारिखमा ओता सहरमा बसोबास गरी कर उद्घोष गरेका व्यक्तिहरूले नयाँ आर्थिक वर्षको कर प्रमाणपत्र (आर्थिक वर्ष 2021 सालको आयको प्रमाणपत्र) जारी गर्न सक्नेछन्।

### आवश्यक कुराहरू

**स्वयम् काउन्टरमा आउने बेला**

- परिचय खुल्ने कागजात (रेजिडेन्स कार्ड आदि)

**कसैको प्रतिनिधित्व गरी अन्य व्यक्ति काउन्टरमा आउने बेला**

- अख्तियारनामा (जापानी भाषा बाहेक अन्य भाषामा लेखिएको भएमा, त्यसको जापानी भाषामा अनुवादित पत्र)
- काउन्टरमा आउने व्यक्तिको परिचय खुल्ने कागजात

*अख्तियारनामाको पत्र होमपेजबाट डाउनलोड गर्न सकिन्छ।

**[कृपया ध्यान दिनुहोस्]**

अधिकार सुम्पने व्यक्तिको नाम हातले लेख्नुहोस्।

**[जारी गर्न सकिने स्थान]**

- ओता सहर कार्यालय 4F
- उपशाखा कार्यालय आदि

नबुझेमा वा प्रमाणपत्र नआएमा सम्पर्क गरी सोध्नुहोस्।

### कहिले

2022 साल जुन 10 तारिख (शुक्रबार) देखि

### सम्पर्क

कर शाखा

☎ 03-5744-1192



---

# शिक्षा परामर्श कक्ष सम्बन्धी जानकारी



बच्चाहरूको शिक्षा सम्बन्धी परामर्श दिइन्छ।

- बच्चाको शिक्षा तथा स्वभाव, व्यवहार तथा गतिविधिसँग सम्बन्धित चिन्ता र विकासात्मक अपाङ्गता
- "इजिमे (तर्साउने, हेप्ने आदि गरी पीडा दिइने कार्य)" वा साथीसँगको सम्बन्ध जस्ता दैनिक जीवनमा आइपर्ने चिन्ता र अध्ययन तथा उच्च शिक्षाको चिन्ता

### दायरामा पर्ने व्यक्तिहरू

- ओता सहरमा बसोबास गर्नुहुने अनिवार्य शिक्षा पूरा नगरेका शिशु, विद्यार्थी तथा अभिभावकहरू
- चुबासा क्लासमा भर्ना हुन चाहने शिशु तथा विद्यार्थीहरू

### परामर्श मिति र समय

सोमबार~शुक्रबार 9:00 am~7:00 pm

शनिबार, आइतबार 9:00 am~5:00 pm

*वर्षको अन्त्य तथा सुरुको अवधि र सार्वजनिक बिदाको दिन बाहेक

### परामर्श विधि

- अग्रिम रूपमा फोनद्वारा आवेदन दिई, क्लासमा आउने मितिमा नाम लेखाउनुहोस्।
- फोनद्वारा दिइने परामर्श पनि सधैं उपलब्ध हुनेछ।

*जापानी भाषा बुझ्ने व्यक्तिलाई सम्पर्क गर्न लगाउनुहोस्। साथै दोभासे आवश्यक अवस्थामा, अग्रिम रूपमा सम्पर्क गर्नुहोस्।

### सम्पर्क

ओता सहर शिक्षा केन्द्र शिक्षा परामर्श कक्ष

☎ 03-5748-1201 FAX 03-5748-1390

# "चित्र किताब पुर्‍याउने अभियान" वर्कसप





यो वर्कसपमा भिडियो मार्फत विकासशील राष्ट्रहरूको बच्चाहरूको पढ्ने वातावरण र विकासशील राष्ट्रहरूको स्थितिबारे जानकारी दिई, जापानको चित्र किताबमा अनुवाद स्टिकर टाँसेर विकासशील राष्ट्रहरूमा पठाउने कार्य वास्तविक रूपमा अनुभव गराइन्छ। जापानको चित्र किताब पढ्न सक्ने स्तरको जापानी भाषा क्षमता भएमा, जो कोही पनि सहभागी हुन सक्नेछ।

| कहिले | कहाँ | शुल्क | कति जना |
|---|---|---|---|
| 2022 साल जुन 25 तारिख (शनिबार) 2:00 pm~4:00 pm | ओता सहर ओमोरी मिनामी पुस्तकालय 2F बहुउद्देश्यीय कोठा | निशुल्क | अधिकतम सहभागी संख्या 10 जना (अग्रिम रूपमा नाम लेखाउनुपर्नेछ) |

| आवेदन दिने तरिका | आवेदन दिने ठाउँ (सम्पर्क) |
|---|---|
| फोन, FAX अथवा पुस्तकालय काउन्टरमा आवेदन दिनुहोस्। | ओता सहर ओमोरी मिनामी पुस्तकालय<br>☎ 03-3744-8411　FAX 03-3744-8421<br>ठेगाना　〒143-0013 ओता सहर ओमोरी मिनामी 1-17-7 |

# संक्रामक रोग नोभल कोरोनाभाइरसको भ्याक्सिनबारे

### ●भ्याक्सिन लगाउनेबारे

ओता सहरमा भ्याक्सिन लगाउने काम भइरहेको छ।

【पहिलो र दोस्रो डोजको दायरामा पर्ने व्यक्तिहरू】

- ओता सहरमा बसोबास गर्ने 5 वर्ष वा सोभन्दा बढीका भ्याक्सिन लगाउन चाहने व्यक्तिहरू

【तेस्रो डोजको दायरामा पर्ने व्यक्तिहरू】

- पहिलो र दोस्रो डोज लगाइसकेका ओता सहरमा बसोबास गर्ने 12 वर्ष वा सोभन्दा बढीका भ्याक्सिन लगाउन चाहने व्यक्तिहरू

### ●भ्याक्सिन लगाएको प्रमाणपत्रबारे

जापान भित्र भ्याक्सिन लगाउने टिकटमा भएको रोकथामको खोप लगाइसकेको प्रमाणपत्र (अस्थायी) द्वारा खोप लगाइसकेको कुरा प्रमाणित गर्न सकिन्छ। तसर्थ भ्याक्सिन लगाइसकेपछि पनि भ्याक्सिन लगाउने टिकटलाई सुरक्षित साथ राख्नुहुन अनुरोध गर्दछौं। साथै "भ्याक्सिन पासपोर्ट" भनिने रोकथामको खोप लगाइसकेको प्रमाणपत्र भनेको छुट्टै जारी गरिने प्रमाणपत्र हो।

*भ्याक्सिन लगाउने सम्बन्धी नवीनतम जानकारीको लागि ओता सहरको होमपेजमा गई निश्चय गर्नुहोस्।

## आवेदन दिने ठाउँ (सम्पर्क)

ओता सहर नोभल कोरोनाको भ्याक्सिन कल सेन्टर
☎ 03-6629-6342

ओता सहर कोरोना भ्याक्सिन बहुभाषी दोभासे सेवा
☎ 03-6436-4731*
*अंग्रेजी, चिनियाँ, हङ्गुर, पोर्चुगिज, स्पेनिश, भियतनामिज, तागालाग, नेपाली, इन्डोनेशियाली, थाई, रूसी, हिन्दी र फ्रान्सेली भाषाहरूमा सेवा उपलब्ध छ।

(दुबै सोमबार~शनिबार 8:30 am~5:15 pm *आइतबार र बिदाको दिन बाहेक)

प्रकाशन　ओता अन्तर्राष्ट्रिय शहर, बहुसांस्कृतिक सहजीवन प्रवर्द्धन शाखा
〒144-0052 ओता सहर कामाता 4-16-8 2F ओता अन्तर्राष्ट्रिय आदानप्रदान केन्द्र (Minto Ota)　☎ 03-5744-1227　FAX 03-5744-1323
हामीले यो जानकारीपत्र वर्षमा 8 पटक 6 भाषाहरू (सजिलो जापानी, अंग्रेजी, चिनियाँ, नेपाली, टगालोग र भियतनामिज) मा प्रकाशन गरिरहेका छौं। यो जानकारीपत्र पुस्तकालय, बाल भवन, विशेष उपशाखा जस्ता सहरका सुविधाहरू र JR खामाता, ओमोरी, केइक्यु खामाता जस्ता सहर भित्रका प्रमुख स्टेसनहरूमा वितरण गरिन्छ।